# पत्रकार आचारसंहिता २०७३ र पहिलो संशोधन २०७६ मा रहेका भिन्नता

टिप्पणी तथा सुझावहरु

सेन्टर फर मिडिया रिसर्च नेपाल

पुस, २०७६

## पृष्ठभूमि

नेपालमा प्रेस काउन्सिल गठन भएको पाँच दशक पुग्न लागेको छ । २०२४ सालमा प्रेस सल्लाहकार समितिको गठन गरिएको थियो भने २०२७ सालमा त्यसको नाम परिवर्तन गरी प्रेस सल्लाहकार परिषद् बनाएको थियो । २०२७ साल असोजमा प्रेस काउन्सिल गठन भएको पाइन्छ ।

२०१५ सालमा प्रेस कमिसनको प्रतिवेदनमा प्रेस सल्लाहकार समिति गठन गर्न सिफारिस गरिएको थियो । २०१९ सालमा जारी छापाखाना तथा प्रकाशन सम्बन्धी ऐनमा प्रेस काउन्सिल गठन गर्न सकिने व्यवस्था गरिएको थियो । यही ऐन अन्तर्गत ०२७ सालमा प्रेस काउन्सिल गठन गरिएको पाइन्छ ।

प्रेस काउन्सिलले २०३३ सालमा छापाखाना र प्रकाशन आचारसंहिता जारी गरेको थियो । त्यसभन्दा अघि प्रेस सल्लाहकार समितिले २०२५ सालमा आचारसंहिता जारी गरेको थियो भने पत्रकार संघले भने २०२३ सालमा नै आचारसंहिता जारी गरेको थियो ।

२०४० सालमा प्रेस काउन्सिलले नयाँ आचारसंहिता जारी गरेको थियो भने त्यसको दुई वर्षपछि २०४२ सालमा १४ जना सम्पादकहरुको प्रयासमा आचारसंहिता जारी भएको पाइन्छ ।

२०४६ सालको जनआन्दोलनबाट मुलुकमा प्रजातन्त्रको पुनर्वाहाली भयो । त्यसपछि २०४७ र २०४९ सालमा  प्रेस काउन्सिलले र २०५० सालमा पत्रकारले संघले आचारसंहिता जारी गरेको पाइन्छ ।

यसअघिसम्म काउन्सिल र पत्रकार महासंघले छुट्टाछुट्टै आचारसंहिता जारी गर्दै आएकोमा २०५५ मा समन्वय गरी आचारसंहिता जारी गरेको पाइन्छ । त्यसपछि पत्रकार महासंघको पनि सहमति लिएर २०६० सालमा आचारसंहिता जारी गरिएको थियो । जसलाई २०६४ सालमा संशोधन तथा परिमार्जन गरियो । नेपाल पत्रकार महासंघको सहमतिमा २०७३ सालमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता, २०७३ जारी गर्‍यो, जसलाई २०७६ सालमा पुनपरिमार्जन गरिएको छ ।

मूलत: पत्रकारिता पेशालाई मर्यादित, जवाफदेही र उत्तरदायी बनाउने लगायतका उद्देश्यले आचारसंहिता जारी गर्ने र समय सान्दर्भिक बनाउन संशोधन तथा परिमार्जन गर्ने गरेको पाइन्छ । २०७३ सालमा जारी गरिएको आचारसंहिता र तीन वर्षपछि पहिलो संशोधन गरिएको छ ।

संशोधनमा अनलाइन सञ्चारमाध्यमको परिभाषा, समाचारमा सम्बन्धित पक्षको भनाइलाई उचित स्थान, विज्ञापनलाई विज्ञापनकै रुपमा र समाचारलाई समाचारका रुपमा प्रस्तुत गर्नुपर्ने, पुन : प्रकाशन तथा प्रसारण गर्दा मूलस्रोतसँग सहमति लिनुपर्ने, शिष्ट एवं सम्मानजनक रुपमा अन्तर्वार्ता लिनुपर्ने, सर्वेक्षण गर्दा प्रयोजक स्पष्ट पार्नुपर्ने लगायतका पक्षले व्यवहारमा देखा परेका समस्यालाई सम्बोधन गर्न सहयोग पुऱ्याउन सक्छ ।

पेशागत मर्यादा र व्यावसायिकतामा असर पर्ने गरी पुरस्कार वा सम्मान ग्रहण गर्न नहुने, काउन्सिलले स्वनियमनको क्षेत्राधिकार बढाउने, आचारसंहिता पालना नगर्ने मिडियालाई कालोसूचीमा राख्ने, आचारसंहिताको गम्भीर उल्लंघन गरेको ठहर भएमा निश्चित अवधि तोकि त्यस्ता सामग्री नदेखिने गरी रोक लगाउन लगाउन सम्बन्धित निकायलाई पत्रकार गर्ने लगायतका थपिएका प्रावधानले संशोधित आचारसंहिता पहिलाको भन्दा व्यवहारिक छ भन्न सकिन्छ ।

तर केही पक्षमा भने अझै पनि प्रश्न गर्ने ठाउँ छ । वस्तुनिष्ठ शब्दलाई हटाइएको छ । नेपाली पत्रकारितामा खड्किएको पक्ष नै वस्तुनिष्ठता हो । पक्षधरता, पूर्वाग्रही, बढाइचढाइ, गलत व्याख्या लगायतका पक्षलाई न्यूनीकरण गर्नु मुख्य चुनौतीका रुपमा देखा परेका बेला वस्तुनिष्ठतालाई हटाउनुले खेल्न खोज्नेहरुलाई ठाउँ दिएको छ । यस्तै संघ, प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध र सामाजिक सद्भावमा गम्भीर असर पार्ने गरी समाचार सम्प्रेषण गर्नु हुँदैन भनिएको छ । सामाजिक सद्भाव बारे कुरा ठीक भएपनि तीन तहको सम्बन्धबारे उल्लेख गरिएको प्रावधानले तीन तहबीच हुन सक्ने अन्तरविरोधका पक्षलाई बाहिर ल्याउँदा मिडियालाई प्रश्न गर्ने ठाउँ राखिदिएको छ ।

यहाँ पत्रकार आचारसंहिता २०७३ र त्यसमा गरिएको पहिलो संशोधन २०७६ बीचमा भिन्नतालाई केलाउने प्रयास गरिएको छ ।

## परिभाषामा भिन्नता

संशोधित पत्रकार आचारसंहिताले समयसापेक्ष सञ्चारमाध्यमको प्रकार र अर्थलाई समेटेको छ । पत्रकार आचारसंहिता २०७३ को पहिलो संशोधनले अनलाइनसञ्चार माध्यमको छुट्टै व्याख्या गरेको छ, जबकी पत्रकार आचारसंहिता २०७३ मा सञ्चारमाध्यम अन्तर्गत अनलाइनसञ्चार माध्यम राखिएको थियो ।

पत्रकार भन्ने शब्दको व्याख्यालाई पनि संशोधित आचारसंहिताले परिष्कृत रुपमा परिभाषित गरेको छ, जसमा व्यवस्थापकीय तथा प्रशासकिय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धि व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय बनाई पारिश्रमिक लिई प्रतिष्ठानमा पूर्ण वा आंशिक रुपमा काम गर्ने व्यक्ति भनि उल्लेख गरिएको छ । यस संशोधनमार्फत् अनुवादक तथा प्राविधिक पनि पत्रकारको दायराभित्र परेका छन् ।

संशोधित आचारसंहितामा अनुगमन उपसमिति, छापासञ्चार माध्यम, प्रसारण, बैठक, सदस्य, सम्पादक, समाचार समिति र संयोजक भन्ने शब्दको व्याख्यालाई पनि समेटिएको छ । यसमा छापा सञ्चारमाध्यम र प्रसारणलाई छुट्टाछुट्टै रुपमा परिभाषित गरिएको छ । छापा अन्तर्गत पत्रपत्रिकालाई राखिएको छ भने प्रसारण अन्तर्गत रेडियो फ्रिक्वेन्सी, इन्टरनेट प्रोटोकल वा अन्य विद्युतीय वा विद्युत प्रकाशीय माध्यमलाई सम्झिनुपर्ने उल्लेख गरिएको छ ।

## पत्रकार र सञ्चारमाध्यमको कर्तव्यमा फरक

पत्रकार आचारसंहिता, २०७३ ले १५ वटा बुँदामार्फत पत्रकार र सञ्चारमाध्यमको कर्तव्यलाई व्याख्या गरिएको थियो भने आचारसंहिताको पहिलो संशोधनमा अनलाइन सञ्चारमाध्यको जिम्मेवारी भन्ने बुँदालाई हटाई १४ वटा बुँदालाई राखिएको छ ।

यस अन्तर्गत बुँदा नं. ४ को १ मा प्रेस स्वतन्त्राको संरक्षण र सम्बर्द्धन, २ मा मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान सम्बन्धी शिर्षकमा केही हेरफेर गरिएको छैन । ३ मा पेशागत मर्यादा र व्यहार शिर्षक अन्तर्गत पत्रकार तथा सञ्चारमाध्यमले वस्तुनिष्ठ, स्वच्छ, मर्यादित र विश्वसनिय पत्रकारिता गर्नुपर्छ उल्लेख गरिएकोमा संशोधित आचारसंहितामा ‘वस्तुनिष्ठ’ भन्ने शब्द हटाइएको छ । ‘पत्रकार तथा सञ्चारमाध्यमकाबीचको आपसी सम्बन्ध व्यवासायिक, स्वस्थ्य, संयमित, मर्यादित र पेशानिष्ठ हुनुपर्दछ’ भन्ने वाक्यलाई हटाइएको छ ।

४ मा सामाजिक दायित्व  र ५ मा सम्पादकीय स्वतन्त्राको सम्मानलाई हुबहु राखिएको छ । तर, ६ मा सत्य तथ्य र सन्तुलित सम्प्रेषण अन्तर्गत ‘पत्रकार तथा सञ्चारमाध्यमले सत्य तथ्य सुचनासँगै सम्बन्धीत पक्षको भनाइलाई उचित स्थान दिनुपर्दछ’ भन्ने थप गरिएको छ । ‘वस्तुनिष्ठ भइ’ शब्दलाई हटाइएको छ ।

यस्तै 'पत्रकार तथा सञ्चारमाध्यमले समाजिक सञ्जालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारी सत्य तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनुपर्ने, सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरुले प्रकाशन गरेको जानकारी वा विचार/कमेन्टहरुलाई शेयर वा रिट्वीट गरी पुन प्रकाशन गर्दा पत्रकार तथा सञ्चारमाध्यमले आफूले प्रकाशन गरे सरह तथ्य जाँच गरी निष्पक्षतालाई समेत ख्याल गरी सम्प्रेषण गर्नुपर्दछ' भन्ने थप गरिएको छ ।

७ को समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण शिर्षक अन्तर्गत आचारसंहिता २०७३ मा 'पत्रकार तथा सञ्चारमाध्यमले पाठक, स्रोता वा दर्शकमा भ्रम वा संशय उत्पन्न नहुने गरी प्रचलित विश्वव्यापी मान्यता अनुसार समाचार, लेख, विचार र प्रयोजित सामग्री वा विज्ञापनबीच स्पष्ट अन्तर हुने गरी सम्प्रेषण गर्नुपर्दछ' उल्लेख गरिएकोमा संशोधितमा 'गर्नु, गराउनुपर्दछ' भन्ने शब्द थप गरिएको छ ।

यस्तै आचारसंहिता २०७३ मा पत्रकार तथा सञ्चारमाध्यमले कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने गरी विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु पर्दछ उल्लेख भएकोमा संशोधितमा 'आधिकारिता पुष्टि' शब्द थप गरिएको छ ।

८ मा गोप्य स्रोतको संरक्षण गर्दा अन्य सञ्चारमाध्यमका सामाग्रीहरु '...पुन : प्रकाशन, प्रसारण वा वितरण गर्दा सहमति वा स्वीकृत लिनुपर्ने व्यवस्था गरिएको भएमा मूल स्रोतसँग सहमति लिएर मात्र प्रकाशन प्रसारण गर्नुपर्दछ' भन्ने थप गरिएको छ ।

९ गोपनीयताको हकको सम्मान, १० भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता, ११ राष्ट्रिय विपद्मा संयम अन्तर्गत केही हेरफेर गरिएको छैन । तर १२ मा मत सर्वेक्षणमा सर्तकता अन्तर्गत आचारसंहिता २०७३ मा भएको मत सर्वेक्षण गर्दा सर्वेक्षणको प्रायोजक, औचित्य र पृष्ठिभूमि जस्ता विषयलाई यथासम्भव प्रस्तुत गर्नुपर्ने भनिएकोमा संशोधनमा खुलाई प्रस्तुत गर्नेपर्ने भनिएको छ । यस्तै, 'मत सर्वेक्षण सम्बन्धी सामाग्री प्रकाशान वा प्रसारण गर्दा मुलुकको सर्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पाने गरी गरिने कुनैपनि प्रकारका मत सर्वेक्षण वा सामग्री प्रकाशन वा प्रसारण गर्नु हुँदैन' भन्ने हटाइएको छ ।

त्यस्तै १३ मा अन्तर्वार्तामा सहजकता अन्तर्गत पहिले 'पत्रकारले अन्तर्वार्ता दिने व्यक्तिलाई निजका भनाइहरु कुन सन्दर्भ, माध्यम र प्रयोजनका निम्ति प्रयोग गरिनेछ भन्ने विषयको पूर्व जानकारी दिएर अन्तर्वार्ता लिनुपर्दछ' भन्ने उल्लेख गरिएकोमा संशोधितमा 'शिष्ट एवं सम्मानजनक रुपमा' भन्ने थप गरिएको छ ।

आचारसंहिता २०७३ को १४ को अनलाइन सञ्चारमाध्यमको जिम्मेवारी अन्तर्गतगतको अनलाइन सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन-प्रसारण वा बाह्य लिङ्कहरुलाई प्रकाशित गर्नु अघि तिनको विश्वसनियता परीक्षण गर्नुपर्नेछ र प्रकाशित वा प्रसारित भएका सामग्री अनलाइनमा रहिरहने व्यवस्था गर्नुपर्दछ' भन्नेलाई संशोधनमा हटाइएको छ ।

## पत्रकार र सञ्चारमाध्यमले गर्न नहुनेमा फरक

पत्रकार आचारसंहित, २०७३ को पहिलो संशोधनमा एउटा बुँदालाई नै हटाइएको छ भने केही बुँदाका व्याख्यामा थपघट गरिएको छ । आचारसंहिता २०७३ को ८ अन्तर्गतको विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनको रुपमा प्रस्तुत गर्न नहुने भन्ने विषयलाई संशोधनमा हटाइएको छ ।

आचारसंहिताको बुँदा नं.५ को १ मा सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावना खलल पुग्ने भन्ने विषयमा फेरबदल गरिएको छैन । तर, २ को भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण गर्नुपर्ने अन्तर्गत संशोधनमा '...संघ, प्रदेशर स्थानीय सरकारबीचको सम्बन्ध र सामाजिक सद्भावमा गम्भीर असर पार्ने गरी समाचार सम्प्रेषण गर्नु हुदैन' भन्ने थप गरिएको छ ।

यस्तै, ३ को हिंसा, आतंक, अश्लीलता र अपराधलाई प्रश्रय हुने, ४ को पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण, ५ को घटनासँग सम्बन्धित व्यक्तिको नाम उल्लेख, ६ को बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण, ७ को फोटो तथा दृश्यको गलत प्रयोग शिर्षकमा संशोधन गरिएको छैन ।

आचारसंहिता २०७३ को ८ को पोस्ट डिलिट जस्ताको त्यस्तै लिइएको छ । तर, ९ को अनुचित दबाब वा सम्बन्ध शिर्षक अन्तर्गत '... प्रायोजकबाट प्रभावित भई समाचारसामाग्री सम्प्रेषण गर्नुहुदैन' भन्ने वाक्यलाई संशोधनमा हटाइएको छ ।

यता, १० र ११ क्रमशः प्रविधिको अदृश्य प्रयोग र न्याय निरुपणमा प्रभाव शिर्षकमा परिवर्तन गरिएको छैन । १२ को पेशागत मर्यादा विपरीत उपहार तथा पुरस्कार ग्रहण अन्तर्गत संशोधनमा ‘पत्रकार र सञ्चारमाध्यमले पेशागत मर्यादा, व्यवसायिकता र दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै प्रकारको पुरस्कार तथा उपहार ग्रहण गर्नुहुँदैन’ भनि उल्लेख गरिएको छ ।

संशोधनले आचारसंहिता २०७३ को १३ मा मर्यादा र आत्मासम्मानमा प्रतिकूल असर अन्तर्गत संशोधनमा बाल संवेदनशीलताका व्यवस्थालाई समावेश गरिएको छ । जसमा ‘...बालबालिका सम्बन्धी सामग्री संकलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशिलता प्रतिकूल हुने गरी कार्यहरु गर्नुहुँदैन’ भन्ने व्यवस्था थप गरिएको छ । आचारसंहिता २०७३ मा रहेको प्रतिकूल कार्यहरुको व्याख्यासँग सम्बन्धित ४ वटा बुँदालाई हटाइएको छ ।

महिला, ज्येष्ठ, अपाङ्गता भएका व्यक्तिका बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरुको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन र होच्याउन हुँदैन भन्ने व्यवस्थालाई संशोधनमा हटाइएको छ ।

## उजुरी र कारवाहीमा भिन्नता

संशोधित आचारसंहितामा काउन्सिलको स्वअनुमगनको क्षेत्र बढाइएको छ भने कारवाही तथा निर्णय प्रक्रियामा प्रावधानहरु थप गरिएको छ, जसमा कालोसूचीमा राख्ने लगायतका छन् ।

## विविधमा फरक

स्वनियमन र स्वमूल्यांकन, निर्वाचन आचारसंहिताको पालना, प्रवृत्तिगत अध्ययन गर्ने र अनलाइन सञ्चारमाध्यमहरुको समाचार सम्प्रेषणको सम्बन्धमा काउन्सिलको भूमिका जस्ता बुँदाहरुलाई पत्रकार आचारसंहिता २०७३ को पहिलो संशोधनमा थप गरिएको छ ।

पत्रकार आचारसंहिता २०७३ र त्यसको पहिलो संशोधन २०७६ मा रहेका भिन्नतालाई यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको छ :

| बुँदा नं. | पत्रकार आचारसंहिता २०७३ | पत्रकार आचारसंहिता, पहिलो संशोधन, २०७६ |
|---|---|---|
| २ | **पत्रकार :** पत्रकार भन्नाले *कुनै सञ्चारमाध्यममा समाचारसामाग्री संकलन, उत्पदान, सम्पादन र सम्प्रेषण जस्ता कार्यसँग आबद्ध* प्रधान सम्पादक, सम्पादक, *सम्पादक मण्डलको सदस्य,* संवाददाता, स्तम्भलेखक, *विश्लेषक, स्वतन्त्र पत्रकार,* फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यंग्यचित्रकार, *रेखाचित्रकार,* कार्यक्रम निर्माता, निर्देशक, *प्रस्तुतकर्ता वा* संचालक, साजसज्जाकर्ता, दृश्य सम्पादक, भाषा सम्पादक जस्ता पत्रकारिमूलक कार्यसँग सम्बन्धित सञ्चारकर्मी सम्झनु पर्छ । | २ (६) पत्रकार भन्नाले *सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्ति बाहेक सञ्चार सम्बन्धी व्यावसाय वा सेवालाई प्रमुख व्यावसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्ने व्यक्ति सम्झनुपर्छ र सो शब्दले सञ्चार प्रतिष्ठानमा समाचार सामग्रीको संकलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने* प्रधान सम्पादक, सम्पादक, संवाददाता, *स्ट्रिञ्जर, समाचार वाचक,* कार्यक्रम निर्देशक, *अनुवादक,* साजसज्जा, *प्राविधिक,* स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, व्यङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादक जस्ता समाचार तथा समाचारमूलक कार्यक्रमसँग सम्बन्धित व्यक्ति समेतलाई सम्झनु पर्दछ । |
| ४ (३) (१) | **पेशागत मर्यादा तथा व्यवहार :** पत्रकार तथा सञ्चार माध्यमले *वस्तुनिष्ठ,* स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नु पर्दछ । | पत्रकार तथा सञ्चार माध्यमले स्वच्छ, मर्यादित र विश्वसनीय पत्रकारिता गर्नु पर्दछ । |

| | | |
|---|---|---|
| ४ (३) (४) | ***पेशागत मर्यादा तथा व्यवहार :*** *पेशागत मर्यादा र व्यहार शिर्षक अन्तरगत पत्रकार तथा सञ्चारमाध्यमकाबीचको आपसी सम्बन्ध व्यवासायिक, स्वस्थ्य, संयमित, मर्यादित र पेशानिष्ठ हुनु पर्दछ ।* | हटाइएको । |
| ४ (६) (१) | **सत्य-तथ्य, सन्तुलित र वस्तुनिष्ठ सूचना सम्प्रेषण:** पत्रकार तथा सञ्चार मध्यमहरुले सत्य तथ्य र सन्तुलित सम्प्रेषण अन्तरगत पत्रकार तथा सञ्चारमाध्यमले वस्तुनिष्ठ भई सत्य तथ्य समाचार र सन्तुलित विचार सम्प्रेषण गर्नु पर्दछ । | पत्रकार तथा सञ्चार मध्यमहरुले सत्य तथ्य र सन्तुलित सम्प्रेषण अन्तरगत पत्रकार तथा सञ्चारमाध्यमले वस्तुनिष्ठ भई सत्य तथ्य समाचार र सन्तुलित विचार सम्प्रेषण गर्नु पर्दछ । *यसरी सम्प्रेषण गर्दा सम्बन्धित पक्षको भनाइलाई उचित स्थान दिनु पर्दछ ।*<br><br>*'पत्रकार तथा सञ्चारमाध्यमले समाजिक सञ्जालमार्फत प्रवाह गर्ने समाचार, विचार र सूचना वा जानकारी सत्य तथ्यपूर्ण, सन्तुलित र मर्यादित हुनु पर्दछ ।*<br><br>*सामाजिक सञ्जालका अन्य प्रयोगकर्ताहरुले प्रकाशन गरेको जानकारी वा विचार/कमेन्टहरुलाई शेयर वा रिट्वीट गरी पुन प्रकाशन गर्दा पत्रकार तथा सञ्चार माध्यमले आफूले प्रकाशन गरे सरह तथ्य जाँच गरी निष्पक्षतालाई समेत ख्याल गरी सम्प्रेषण गर्नु पर्दछ ।* |
| ४(७) (१) | **समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण :** समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण शिर्षकमा आचारसंहिता २०७३ मा 'पत्रकार तथा सञ्चार माध्यमले पाठक, स्रोता वा दर्शकमा भ्रम वा संशय उत्पन्न नहुने गरी प्रचलित विश्वव्यापी | समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण शिर्षकमा आचारसंहिता २०७३ मा 'पत्रकार तथा सञ्चार माध्यमले पाठक, स्रोता वा दर्शकमा भ्रम वा संशय उत्पन्न नहुने गरी प्रचलित |

| | | |
|---|---|---|
| | मान्यता अनुसार समाचार, लेख, विचार र प्रयोजित सामग्री वा विज्ञापनबीच स्पष्ट अन्तर हुने गरी सम्प्रेषण गर्नु पर्दछ । | विश्वव्यापी मान्यता अनुसार समाचार, लेख, विचार र प्रयोजित सामग्री वा विज्ञापनबीच स्पष्ट अन्तर हुने गरी सम्प्रेषण गर्नु, *गराउनु* पर्दछ । |
| ४(७) (२) | **समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण :** थप गरिएको | *पत्रकार तथा सञ्चार माध्यमले विज्ञापनलाई विज्ञापन कै रुपमा र समाचारलाई समाचारकै रुपमा प्रस्तुत गर्नु पर्दछ ।* |
| ४ (७) (२) | **समाचार, विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण :** पत्रकार तथा सञ्चार माध्यमले कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने गरी विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु पर्दछ । | (३) पत्रकार तथा सञ्चार माध्यमले कुनै पनि व्यक्ति, समुदाय वा संस्थाको ख्याति, सम्मान वा मर्यादा र सार्वजनिक हित, शिष्टाचार, नैतिकता र जनस्वास्थ्यमा आघात नपर्ने *तथा आधिकारिता पुष्टि हुने* गरी विज्ञापन प्रकाशन तथा प्रसारण गर्नु पर्दछ । |
| ४ (८) (१) | **गोप्य स्रोतको संरक्षण :** समाचारको विश्वसनियताका लागि स्रोत उल्लेख गर्नुपर्दछ । तर त्यसरी उल्लेख गर्दा स्रोतलाई गम्भीर क्षति हुने देखिएमा स्रोतको नाम वा पहिचान गोप्य राखी संरक्षण गर्नु पर्दछ । | समाचारको विश्वसनियताका लागि स्रोत उल्लेख गर्नु पर्दछ । *तर त्यसरी* उल्लेख गर्दा स्रोतलाई गम्भीर क्षति हुने देखिएमा स्रोतको नाम वा पहिचान गोप्य राखी संरक्षण गर्नु पर्दछ । |
| ४ (८) (२) | **गोप्य स्रोतको संरक्षण :** पत्रकार तथा सञ्चारमाध्यमले अन्य सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित सामग्री उपयोग गर्दा मूल स्रोत उद्धृत गरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नु पर्दछ । | पत्रकार तथा सञ्चारमाध्यमले अन्य सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित सामग्री उपयोग गर्दा मूल स्रोत उद्धृत गरी पुनः प्रकाशन, प्रसारण वा वितरण गर्नु पर्दछ । *यसरी पुन : प्रकाशन, प्रसारण वा वितरण गर्दा सहमति वा स्वीकृत लिनुपर्ने व्यवस्था गरिएको भएमा मूल स्रोतसँग सहमति लिएर मात्र प्रकाशन प्रसारण गर्नुपर्दछ' भन्ने थप गरिएको छ ।* |

| | | |
|---|---|---|
| ४ (१२) | **मत सर्वेक्षणमा सतर्कता :** पत्रकार तथा आमसञ्चार माध्यमले कुनै पनि मत सर्वेक्षण वा अनुसन्धानमूलक सामग्रीको समाचार वा समाचारमूलक सामग्री तयार पार्दा अनुसन्धानको विधि उल्लेख गर्नु पर्दछ । यस्तो मत सर्वेक्षण गर्दा सर्वेक्षणको प्रायोजक, औचित्य र पृष्ठभूमि जस्ता विषय खुलाई प्रस्तुत गर्नु पर्दछ । | पत्रकार तथा आमसञ्चार माध्यमले कुनै पनि मत सर्वेक्षण वा अनुसन्धानमूलक सामग्रीको समाचार वा समाचारमूलक सामग्री तयार पार्दा अनुसन्धानको विधि उल्लेख गर्नु पर्दछ । यस्तो मत सर्वेक्षण गर्दा सर्वेक्षणको प्रायोजक, औचित्य र पृष्ठभूमि जस्ता विषय खुलाई प्रस्तुत गर्नु पर्दछ ।<br><br>*मत सर्वेक्षण सम्बन्धी सामाग्री प्रकाशान वा प्रसारण गर्दा मुलुकको सर्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकता र सामाजिक सद्भावमा प्रतिकूल प्रभाव पाने गरी गरिने कुनैपनि प्रकारका मत सर्वेक्षण वा सामग्री प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।* |
| ४ (१३) | **अन्तर्वार्तामा सजकता** : पत्रकारले अन्तर्वार्ता दिने व्यक्तिलाई निजका भनाइहरु कुन सन्दर्भ, माध्यम र प्रयोजनका निम्ति प्रयोग गरिनेछ भन्ने विषयको पूर्व जानकारी दिएर अन्तर्वार्ता लिनु पर्दछ । | पत्रकारले अन्तर्वार्ता दिने व्यक्तिलाई निजका भनाइहरु कुन सन्दर्भ, माध्यम र प्रयोजनका निम्ति प्रयोग गरिनेछ भन्ने विषयको पूर्व जानकारी दिएर *शिष्ट एवं सम्मानजनक रुपमा* अन्तर्वार्ता लिनु पर्दछ । |
| ४ (१४) | ***अनलाइन सञ्चार मध्यमको जिम्मेवारी** : अनलाइन सञ्चार माध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन-प्रसारण वा बाहृय लिंकहरुलाई प्रकाशित गर्नु अघि तिनको विश्वसनीयता परीक्षण गर्नुपर्नेछ र प्रकाशित वा प्रसारित भएका सामग्री अनलाइनमा रहिरहने व्यवस्था गर्नु पर्दछ ।* | हटाइएको |

| पत्रकार र सञ्चार माध्यमले गर्न नहुनेमा भिन्नता | | |
|---|---|---|
| **बुँदा नं.** | **आचारसंहिता, २०७३** | **आचारसंहिता पहिलो संशोधन, २०७६** |
| ५ (२) | **भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण :** पत्रकार तथा आमसञ्चार माध्यमले जातीय, लैंगिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक तथा मानसिक अवस्था जस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न हुने गरी सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन । | पत्रकार तथा आमसञ्चार माध्यमले जातीय, लैंगिक, धार्मिक, क्षेत्रीय, भाषिक, राजनीतिक आस्था, वर्ण वा शारीरिक तथा मानसिक *र स्वास्थ्य* अवस्था जस्ता कुनै पनि आधारमा कसैमाथि पनि भेदभाव हुने वा घृणा उत्पन्न हुने गरी सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन । |
| ५(२) (४) | **भेदभाव हुने गरी र निजी स्वार्थपूर्तिका लागि सूचनाको सम्प्रेषण :**<br>थप गरिएको | *पत्रकार तथा सञ्चार माध्यमले संघ, प्रदेश र स्थानीय सरकारबीचको सम्बन्ध र सामाजिक सदभावमा गम्भीर असर पार्ने गरी समाचार सम्प्रेषण गर्नुहुँदैन ।* |
| ५ (८) (१) | **विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रुपमा प्रस्तुति :**<br>*पत्रकार तथा सञ्चार माध्यमले विज्ञापनलाई समाचार, लेख वा अन्य कुनै सम्पादकीय सामग्रीका रुपमा र समाचारलाई विज्ञापनको रुपमा प्रस्तुत गर्नुहुँदैन ।* | हटाइएको |
| ५ (८) ( | **विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रुपमा प्रस्तुति :** | हटाइएको |

| | | |
|---|---|---|
| २) | *विज्ञापनमार्फत समाचारको खण्डन गर्नुहुँदैन ।* | |
| ५ (१०) (२) | **अनुचित दबाब वा सम्बन्ध :** *पत्रकार तथा सञ्चार माध्यमले प्रायोजकबाट प्रभावित भै समाचार सामग्री सम्प्रेषण गर्नुहुँदैन ।* | हटाइएको |
| ५ (१३) | **पेशागत मर्यादाविपरित उपहार तथा पुरस्कार ग्रहण :** पत्रकार तथा सञ्चार माध्यमले पेशागत मर्यादा तथा दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकाय, व्यापारिक प्रतिष्ठान, संघ संस्था वा व्यक्तिबाट कुनै पनि प्रकारका *पुरस्कार*, उपहार वा *सम्मान* वा विशेष सुविधा लिनुहुँदैन । | ५ (१२) (१) पत्रकार तथा सञ्चार माध्यमले पेशागत मर्यादा तथा दायित्वमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सरकारी, गैरसरकारी निकाय, व्यापारिक प्रतिष्ठान, संघ संस्था वा व्यक्तिबाट कुनै पनि प्रकारका उपहार वा विशेष सुविधा लिनुहुँदैन । |
| ५ (१२) (२) | **पेशागत मर्यादाविपरित उपहार तथा पुरस्कार ग्रहण :**<br><br>थप गरिएको | *पत्रकार तथा सञ्चारमाध्यमले पेशागत मर्यादा, व्यावसायिकता र दायित्वमा प्रतिकूल प्रभाव पार्ने गरी कुनै प्रकारका पुरस्कार र सम्मान ग्रहण गर्न हुँदैन ।* |
| ५ (१४) (१) | **मर्यादा र आत्मसम्मान प्रतिकूल असर :**<br><br>पत्रकार तथा आमसञ्चार माध्यमले अशक्त, असहाय तथा *अन्य* अल्पसंख्यक समुदायका बारेमा सामाचार सामग्री सम्प्रेषण गर्दा उनीहरुको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन । | ५ (१३) (१) पत्रकार तथा आमसञ्चार माध्यमले अशक्त, असहाय तथा अल्पसंख्यक, *महिला तथा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति* बारेमा सामाचार सामग्री सम्प्रेषण गर्दा उनीहरुको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन । |
| ५ (१४) | **मर्यादा र आत्मसम्मान प्रतिकूल असर :** | ५ (१३) (२) पत्रकार तथा आमसञ्चार माध्यमले *बालबालिका* |

| | | |
|---|---|---|
| (२) | पत्रकार तथा सञ्चारमाध्यमले महिला तथा ज्येष्ठ नागरिकका बारेमा समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरुको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन हुँदैन । | *सम्बन्धी सामग्री संकलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशिलता प्रतिकूल हुने गरी कार्यहरु गर्नुहुँदैन ।* |
| ५ (१४) (३) | **मर्यादा र आत्मसम्मान प्रतिकूल असर :**<br><br>*पत्रकार तथा सञ्चार माध्यमले अपाङ्गता भएका व्यक्तिका बारमो समाचार सामग्री सम्प्रेषण गर्दा उनीहरुको मर्यादा, भावना तथा आत्मसम्मानमा प्रतिकूल असर पुऱ्याउन र होच्याउन हुँदैन ।* | हटाइएको |
| ५ (१४) (४) | **मर्यादा र आत्मसम्मान प्रतिकूल असर :**<br><br>*बालबालिका सम्बन्धी सामग्री संकलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशिलता प्रतिकूल हुने गरी देहायका कार्यहरु गर्नु हुँदैन :*<br><br>*(क) बालबालिकालाई तत्कालीन र दीर्धकालिन हानी हुने गरी समाचार संकलन तथा सम्प्रेषण गर्नुहुँदैन ।*<br><br>*(ख) कानून विपरित कार्य वा बाल बिभ्याइँमा संलग्न बालबालिका सम्बन्धी समाचार सामग्री सम्प्रेषण गर्दा बाल बाल न्यायको सिद्धान्त विपरित गोपनीयता खोल्नु हुँदैन ।*<br><br>*(ग) अपराधिक गतिविधिमा संलग्न बाबुआमा वा परिवारका सदस्यहरुको समाचार दिँदा बालबालिकालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मुछ्नु हुँदैन ।* | हटाइएको |

| | | |
|---|---|---|
| | *(घ) सोह्र वर्ष उमेर पूरा नभएका बालबालिकाको अन्तर्वार्ता वा तस्वीर अभिभावक, संरक्षक वा परिवारको अनुमति विना लिनु हुँदैन ।* | |
| | **उजुरी र कारवाहीमा फरक** | |
| ६ (७) | कुनै सञ्चार माध्यमले आफ्नो चरित्र, समाजिक प्रतिष्ठामा गम्भीर चोट पुऱ्याउन आचारसंहिता उल्लंघन गरी नियतवश समाचार सम्प्रेषण गरेको हुँदा खण्डन मात्र पर्याप्त नहुने भनी मर्का पर्ने पक्षले आधार प्रमाण सहित उजुरी दिएमा छानविन गरी उजुरीको व्यहोरा सत्य तथ्य देखिएमा काउन्सिलले यो आचारसंहिता अनुसार कारवाही गर्न सक्नेछ । | कुनै सञ्चार माध्यमले आफ्नो चरित्र, समाजिक प्रतिष्ठामा गम्भीर चोट पुऱ्याउन आचारसंहिता उल्लंघन गरी नियतवश समाचार सम्प्रेषण गरेको हुँदा खण्डन मात्र पर्याप्त नहुने भनी मर्का पर्ने पक्षले आधार प्रमाण सहित उजुरी दिएमा छानविन गरी उजुरीको व्यहोरा सत्य तथ्य देखिएमा काउन्सिलले *सम्बन्धित सञ्चारमाध्यमलाई क्षमायाचनाका लागि निर्देशन दिन* सक्नेछ । |
| ६ (८) | *उपदफा (१) (ग) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै पत्रकार वा सञ्चार माध्यमले आचारसंहिता उल्लंघन गरेको भनी सार्वजनिक हित, सरोकारको विषयमा उजुरी परेमा वा काउन्सिलको नियमित अनुगमनबाट यो* आचारसंहिता उल्लंघन भएको पाइएमा छानविन गरी काउन्सिलले आवश्यक कारवाही गर्न सक्नेछ । | *काउन्सिलको स्वअनुगमनबाट कुनै सञ्चार माध्यम* वा पत्रकार*ले राष्ट्रिय सार्वभौमसत्ता, सार्वजनिक हित,* शिष्टाचार *वा जनसरोकारका* विषयमा आचारसंहिता उल्लंघन भएको पाइएमा छानविन गरी काउन्सिलले आवश्यक कारवाही गर्न सक्नेछ । |
| ७ (१) | कारवाही तथा निर्णय : यो आचारसंहिता को दफा ४ को पालना नगरेमा वा दफा ५ को उल्लंघन गरेमा वा काउन्सिलको निर्णय वा निर्देशन नमानेमा उल्लघनको गम्भीरताका आधारमा सम्बन्धित पत्रकार वा सञ्चार माध्यमलाई काउन्सिलले देहाय बमोजिम वा सो भन्दा बढी कुनै पनि कारवाहीको निर्णय गर्न सक्नेछ : | |

| | | |
|---|---|---|
| ७ (१) | क) क्षमायाचना गर्न निर्देशन दिने । | क) *खण्डन प्रकाशन/प्रसारण, भूलसुधार तथा* क्षमायाचना गर्न निर्देशन दिने । |
| ७ (१) | ख) प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । | ख) *ध्यानाकर्षण वा सचेत गराउने* । |
| ७ (१) | ग) वर्गीकरणको प्रक्रियाबाट अलग गर्ने । | ग) *मूल्यांकन* वर्गीकरण प्रकृयाबाट अलग गर्ने, *लोककल्याणकारी विज्ञापन लगायत अन्य सुविधाबाट वञ्चित गर्ने वा सूचीकरणबाट हटाउने* । |
| ७ (१) | घ) काउन्सिलको कल्याणकारी कोष वा काउन्सिलले प्रदान गर्ने अन्य सुविधाबाट अवधि तोकी वञ्चित गर्ने । | *घ) प्रेस प्रतिनिधि प्रमाणपत्र वा प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने* । |
| ७ (१) | ज) काउन्सिलको निर्णय वा निर्देशन वा अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने, अवज्ञाकारीको सूचीमा राख्ने र पटक पटक गरिएका कारवाहीको विवरण तत्काल वा आवश्यकता अनुसार सार्वजनिक गर्ने । | ज) काउन्सिलको निर्णय वा निर्देशन वा अवज्ञा गर्ने पत्रकार वा सञ्चारमाध्यमप्रति खेद प्रकट गर्ने, अवज्ञाकारी *कालोसूचीमा* राख्ने र पटक पटक गरिएका कारवाहीको विवरण तत्काल वा आवश्यकता अनुसार सार्वजनिक गर्ने । |
| ७ (२) | थप गरिएको | *उजुरीकर्ताबाट प्राप्त खण्डन वा प्रतिक्रिया वा उजुरीमाथि भएको निर्णयलाई सम्बन्धित सञ्चारमाध्यममा काउन्सिलले तोकेको स्वरुप, स्थान वा समयमा प्रकाशन-प्रसारण वा पुनःउत्पादन-वितरण गर्न* |

| | | |
|---|---|---|
| | | *निर्देशन दिन सक्नेछ।* |
| ७ (३) | थप गरिएको | *उपदफा (२) बमोजिम दिइएको निर्देशन पालना नगरेमा काउन्सिलले सम्वन्धित पत्रकार र सञ्चारमाध्यमलाई अवज्ञाकारी, कालोसूचीमा राखी थप प्रक्रिया अगाडी बढाउन सक्नेछ । काउन्सिलको निर्देशनलाई तीन पटकभन्दा बढी अवज्ञा गर्ने सञ्चारमाध्यम मूल्यांकन वर्गीकरण नगर्न, लोककल्याणकारी विज्ञापन वा यस्तै अन्य सुविधा निश्चित अवधिका लागि रोक्का गर्न सिफारिस गर्ने वा पत्रकार प्रेस पास रहने प्रकृतिको रहछे भने प्रेस पास निलम्बन गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।* |
| ७ (४) | थप गरिएको | *उपदफा (३) बमोजिम कारबाही भएपछि पनि काउन्सिलको निर्देशन पालना नगरेमा काउन्सिल वा नेपाल सरकार वा सावर्जनिक निकायको तर्फबाट उपलब्ध हुने सुविधाहरु निश्चित अवधिका लागि निलम्बन गर्नुका साथै कुनैपनि सरकारी भ्रमणमा राज्यका तर्फबाट सहभागी नगराउनका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने ।* |
| ७ (५) | थप गरिएको | *अनलाइन सञ्चारमाध्यममा सम्प्रेषित कुनै सामग्रीले आचारसंहिताको गम्भीर उल्लंघन गरेको ठहर भएमा निश्चित अवधि तोकि त्यस्ता सामग्री नदेखिने गरी रोक लगाउन सम्बन्धित निकायमा पत्राचार गर्न सक्नेछ ।* |
| ७ (६) | थप गरिएको | *उजुरी वा स्वअनुगमनबाट आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गरेको देखिन आएमा सो विषयमा सुधार गर्न, आइन्दा त्यस प्रकारका सामग्री सम्प्रेषण नगर्न नगराउन र आचारसंहिता पालनामा सजग* |

| | | |
|---|---|---|
| | | *रहन ध्यानाकर्षण एवं विषयको गम्भीरताका आधारमा सचेत गराउन सक्नेछ ।* |
| ७ (७) | थप गरिएको | *काउन्सिलले आवश्यक ठानेमा माथि उल्लेखित बँदा मध्ये एकै पटक दुई वा सोभन्दा बढी कारवाही गर्न सक्नेछ ।* |
| ७ (८) | थप गरिएको | *काउन्सिलले आवश्यकता अनुसार सम्बन्धित पक्षहरूका बीच मेलमिलाप गराउन सक्नेछ ।* |
| **विविधमा भिन्नता** | | |
| ९ | थप गरिएको | ***स्वनियमन र स्वमूल्यांकनः*** *(१) प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिताको अनुकूल हुने गरी प्रत्येक सञ्चारमाध्यमले आफ्ना लागि आचारसंहिता बनाई सोको स्वनियमन र स्वमूल्यांकन गर्नेछन् । यसका लागि सञ्चारमाध्यमले आफ्नो संस्थासँग असम्बद्ध र कुनै स्वार्थ नरहेका स्वतन्त्र विज्ञहरु रहेको सञ्चार स्वनियमन समिति गठन गर्न सक्नेछन् ।* |
| ९ | थप गरिएको | ***स्वनियमन र स्वमूल्यांकनः*** *(२) उपदफा (१) बमोजिम गठन भएको समितिले सम्बन्धित सञ्चारमाध्यमको आचारसंहिता निर्माण, गुणस्तर सुधार र प्रभावकारिता कायम राख्न तथा सार्वजनिक जवाफदेहीता पालना गर्न गराउन स्वनियमन र स्वमूल्यांकन गर्नेछ । समितिले यस सम्बन्धी वार्षिक प्रतिवेदन सार्वजनिक गर्नुका साथै अभिलेखका लागि प्रेस काउन्सिल समक्ष पेश गर्नेछ ।* |

| | | |
|---|---|---|
| १२ | थप गरिएको | ***निर्वाचन आचारसंहिताको पालना :** प्रेस काउन्सिल नेपालले निर्वाचनका क्रममा पत्रकार तथा सञ्चारमाध्यमका लागि निर्वाचन आचारसंहिता जारी गर्न सक्नेछ ।* |
| १३ | थप गरिएको | *अनलाइन सञ्चारमाध्यमबाट समाचार तथा समाचार सामग्रीको प्रकाशन-प्रसारण वा बाह्य लिङ्कहरूलाई प्रकाशित गर्नुअघि तिनको विश्वसनीयता परीक्षण गर्नुपर्नेछ र प्रकाशित वा प्रसारित भएका सामग्री अनलाइनमा रहिरहने व्यवस्था गर्नु पर्दछ । तर मुलुकको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य र सुरक्षा, सामाजिक सद्भाव जस्ता गम्भीर असर पर्ने सामग्री हटाउन काउन्सिलले निर्देशन दिन सक्नेछ ।* |
| १४ | **थप गरिएको** | ***प्रवृत्तिगत अध्ययन गर्ने :** काउन्सिलले सञ्चारमाध्यमको रुपमा अभिलेख नभएका अनलाइन र पत्रकार एवं सञ्चारमाध्यमले प्रयोग गर्ने (सञ्चालन गर्ने) सामाजिक सञ्जालमा प्रवाह भएका सामग्रीको प्रवृत्ति अध्ययन गर्न सक्नेछ । यसरी गरिएको अध्ययनको प्रतिवेदन आवश्यकता अनुसार सार्वजनिक गर्नुपर्नेछ ।* |

*नोट : अन्डरलाइन र इटालिकले थपघट गरिएकोलाई जनाउँछ ।*